# नार्पा भूमि गाउँपालिका
# सञ्चार खर्च सञ्चालन कार्यविधि, २०८१
(आर्थिक वर्ष २०८१/८२)

नार्पा भूमि गाउँपालिका
**गाउँ कार्यपालिकाको कार्यालय**
च्याँखु, मनाङ
गण्डकी प्रदेश
नेपाल
२०७३

कोन्जो तेन्जीङ लामा
अध्यक्ष

**प्रस्तावना :** नार्पा भूमि गाँउपालिकाको आ.व. २०८।०८१ को लागि विनियोजन गरिएको संचार सुविधालाई कार्यान्वयन गर्न वाञ्छनीय भएकाले नार्पा भूमि गाँउपालिकाको विनियोजन ऐन २०८१ को दफा ३ बमोजिम नार्पा भूमि गाँउ कार्यपालिकाले नार्पा भूमि गाँउपालिकाको सञ्चार खर्च सञ्चालन कार्यविधि, २०८१ बनाएको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भ :**

१) यस कार्यविधिको नाम नार्पा भूमि गाँउपालिकाको सञ्चार खर्च सञ्चालन कार्यविधि २०८१ रहेको छ ।

**२. परिभाषा र व्याख्या :** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :

क) "गाँउपालिका भन्नाले" नार्पा भूमि गाँउपालिका सम्झनुपर्छ ।

ख) "कार्यपालिका भन्नाले " नार्पा भूमि गाँउ कार्यपालिका सम्झनुपर्छ ।

ग) "प्रमुख प्रशासकीय अधिकृत भन्नाले " यस गाँउकार्यपालिकाको कार्यालयको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनुपर्छ ।

घ) "कर्मचारी भन्नाले " यस नार्पा भूमि गाँउपालिका अन्तर्गत कार्यरत स्थायी र करार कर्मचारी सामुदायिक विद्यालयका प्रधानाध्यापकहरुलाई समेत सम्झनुपर्छ ।

ङ) "शाखा प्रमुख भन्नाले " गाँउकार्यपालिकाको कार्यालयको कुनै शाखाका प्रमुख शाखाको नेतृत्व गर्ने जिम्मेवार कर्मचारी सम्झनुपर्छ ।

च) "वडा सचिव भन्नाल" गाँउपालिकाको वडामा कार्यरत कर्मचारी सम्झनुपर्छ ।

**३. कार्यविधि लागु हुने क्षेत्र :** गाँउकार्यपालिकाको कार्यालयमा कार्यरत कर्मचारी अन्तर्गत वडा कार्यकार्यालयहरुमा कार्यरत वडा सचिवहरु, प्राविधिक कर्मचारीहरु र गाँउपालिका भित्रका सामुदायिक विद्यालयहरुका प्रधानाध्यापकहरुलाई कार्य जिम्मेवारीको आधारमा औचित्य पुष्टि हुने गरी कार्यालय प्रयोजनका लागि संचार

कोन्जो टेन्जीङ लामा
अध्यक्ष

कोन्जो तेन्जीङ लामा
अध्यक्ष

खर्च वापत मासिक रुपैंया सम्बन्धित कर्मचारीको मोवाइल नम्बरमा सञ्चार खर्च भुक्तानी गरिनेछ ।

**४. सञ्चार खर्च संचालनका लागि वितरणको व्यवस्था :**

| क्र.स. | कार्यालय/शाखा | रकम | कैफियत |
|---|---|---|---|
| १. | प्रमुख प्रशासकीय अधिकृत | १५०० | |
| २ | गाँउकार्यपालिकाको कार्यालयका शाखा प्रमुख (अधिकृतस्तर) | १००० | |
| ३ | गाँउकार्यपालिकाको कार्यालयका शाखा प्रमुख | ८०० | |
| ४ | स्वास्थ्य चौकी/ईकाई प्रमुख | ८०० | |
| ५ | वडा सचिव | ७०० | |
| ६ | गाँउपालिकामा कार्यरत पाँचौ/चौथो तह | ७००/५०० | |
| ७ | वडा कार्यालयमा कार्यरत प्राविधिक कर्मचारी पाचौ/चौथो तह | ४०० | |
| ८ | हे.स.चा/ह.स.चा. | ४०० | |
| ९ | कार्यालय सहयोगीहरु ( गाँउकार्यपालिकाको कार्यालय) | ३०० | |
| १० | सामुदायिक विद्यालयका प्रधानाध्यापकहरु ( माध्यमिक/निम्नमाध्यमिक/प्रा.वि) | ६००/५०० /४०० | |

**५. विविध** : (१) मिति २०८१।०८।०४ गते देखिको सञ्चार सुविधा यसै कार्यविधि बमोजिम उपलब्ध गराइनेछ ।

**६. कार्यविधिको संशोधन व्याख्या र अनुचित थपघट :** यस कार्यविधिको आवश्यक व्याख्या, संशोधन तथा अनुसूची थपघट गाँउकार्यपालिकाले गर्नेछ ।

कोन्जो तेन्जीङ लामा
अध्यक्ष

.................
आज्ञाले
शुशिल लम्साल